नेपाल सरकार

मा. गिता चौधरी
मन्त्री
कृषि, वन तथा पर्यावरण मन्त्रालय

सिंहदरबार, काठमाडौं
इमेलः gita.chaudhary@moafe.gov.np

## ४६ औं विश्व खाद्य दिवसको अवसरमा शुभकामना सन्देश

विश्वव्यापी रूपमा हरेक वर्ष अक्टोबर १६ का दिन मनाइने विश्व खाद्य दिवसको सुखद अवसरमा सम्पूर्ण आदरणीय कृषक दाजुभाइ तथा दिदीबहिनी, उपभोक्ता एवम् सम्पूर्ण सरोकारवालाहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछु। यस वर्ष हामी **"पोषण सुरक्षाका लागि कृषिमा नवप्रवर्तन"** (Innovate today. Nourish tomorrow) भन्ने राष्ट्रिय नाराका साथ ४६ औं विश्व खाद्य दिवस मनाइरहेका छौं।

नेपालको संविधानको धारा ३६ ले खाद्य सम्बन्धी हकलाई नागरिकको मौलिक हकको रूपमा प्रत्याभूत गरेको छ। संवैधानिक भावनालाई मूर्तरूप दिन सरकारले कृषि विकास रणनीति (ADS), खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन, २०७५, सोह्रौं आवधिक योजना तथा खाद्य प्रणाली रूपान्तरणको रणनीतिक योजना (२०८१/८२-२०८६/८७) मार्फत भोकमरी अन्त्य गर्ने र दिगो खाद्य सुरक्षा सुनिश्चित गर्ने नीति लिएको छ। विश्व भोकमरी सूचकाङ्क (GHI 2025) मा नेपाल १४.८ अङ्कसहित मध्यम स्थिति (७२ औं स्थान) मा रहे पनि पाँच वर्षमुनिका करिब २६ प्रतिशत बालबालिकामा पुड्कोपन (Stunted) रहेको तथ्याङ्कले पोषण प्रवर्द्धनका सन्दर्भमा हाम्रा नीति तथा कार्यक्रमगत प्रयासहरूलाई थप परिणाममुखी बनाउनुपर्ने आवश्यकता देखिएको छ।

जलवायु परिवर्तनले निम्त्याउने संकट, भोटेकोसी बाढीजस्ता अकल्पनीय प्राकृतिक विपद्, कृषिभूमिको क्षयीकरण र आयातमा देखिएको परिवर्तित प्रवृतिले हाम्रो खाद्य सुरक्षा र खाद्य सम्प्रभुतामा चुनौती सिर्जना गरेका छन्। खाद्य सुरक्षाको विषय राष्ट्रिय सुरक्षाको महत्वपूर्ण विषय भएको हुंदा विद्यमान चुनौतीहरूको सामना गर्न सरकारले जलवायु-अनुकूलन प्रविधि, स्थानीय तथा रैथाने बालीको संरक्षण, डिजिटल कृषि र आधुनिक नवप्रवर्तनलाई नीतिगत प्राथमिकतामा राखेको छ। सोहि बमोजिम कृषि भूमिको संरक्षण, उपलब्ध भूमिश्रोतको समूचित उपयोग गर्दै नवीन सोच, अनुसन्धान र प्रविधिको विकास र विस्तार मार्फत कृषि क्षेत्रको आधुनिकीकरण, व्यावसायीकरण र विविधीकरणको माध्यमबाट उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्दै नागरिकहरूमा खाद्य सुरक्षाको अनुभूत गराउन र भावी पुस्ताका लागि समेत पर्याप्त र पोषणयुक्त भविष्य सुनिश्चित गर्न हामी प्रतिबद्ध छौं।

अतः विद्यमान सन्दर्भमा दिगो खाद्य प्रणालीको सुनिश्चितता र खाद्य सुरक्षाको प्रत्याभूतिका लागि सङ्घ, प्रदेश र स्थानीय तह, निजी क्षेत्र, सहकारी, विकास साझेदार एवम् कृषकको महत्वपूर्ण भूमिका रहने हुँदा सम्वद्ध सबैमा साझा ऐक्यबद्धता सहित यस दिवसलाई भव्यतापूर्वक मनाउन र दिगो खाद्य तथा पोषण सुरक्षामा यहाँहरूको महत्वपूर्ण योगदानको अपेक्षा गर्दछु।

अन्त्यमा, विजया दशमी, शुभ-दिपावली, नेपाल सम्वत, छठ पर्वको अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सबै नेपालीमा हार्दिक शुभकामना व्यक्त गर्दछु। धन्यवाद।

माननीय गिता चौधरी
मन्त्री